नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु,तरकारी तथा मसला बाली विकास केन्द्र

# तरकारी बीउ उत्पादन केन्द्र

रुकुम (पश्चिम)

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र
सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम
सार्वजनिक गरिएको

# चौथो त्रैमासिक

(२०८० वैशाख, जेष्ठ , आषाढ )

## सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

२०८० श्रावण ४ गते

फोन नं. : ९८५७८२४२७२
ई मेल : rukumfarm@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
राष्ट्रिय आलु ,तरकारी तथा मसला बाली विकास केन्द्र
# तरकारी बीउ उत्पादन केन्द्र
चांपा, रुकुम (पश्चिम)

प.सं. : ०८०/०८१
च.नं. : ०२

मिति : २०८०/०४/०४

विषयः सूचनाको हक सम्वन्धि विवरण सम्वन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय ,
रुकूम (पश्चिम ) ।

प्रस्तुत विषयमा यस केन्द्रवाट सूचनाको हक सम्वन्धि २०७९ सालको चौथो त्रैमासिकको विवरण थान १ यसै पत्रसाथ सम्लग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.................
( राजेन्द्र प्रताप यादव)
नि.वरिष्ठ बागवानी विकास अधिकृत

वोधार्थ :
श्री राष्ट्रिय सूचना आयोग,
काठमाण्डौ ।
श्री जिल्ला हुलाक कार्यालय
रुकुम, पश्चिम ।

Contents


१. केन्द्रको स्वरुप र प्रकृति ....................................................२

२. केन्द्रको काम ,कर्तव्य र अधिकार
......................................................................................२

३.केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण ................................................................३

४. केन्द्रवाट प्रदान गरिने सेवा......................................................................४

५. केन्द्रवाट सेवा प्रदान गर्ने शाखा र जिम्मेवार
अधिकारी.................................................................४

६. केन्द्रवाट सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि.....................................५

७. केन्द्रको निर्णय गर्ने प्रक्रिया र अधिकार....................................................................६

८.केन्द्रको निर्णय उपर उजुरी सुन्ने अधिकारी...................................................................६

९.केन्द्रवाटहालसम्म सम्पादन गरेको मुख्य मुख्य कामको विवरण..............................................६

१०.केन्द्रको सूचना अधिकारी र प्रमुखको नाम र पद...........................६

११.केन्द्रवाट संचालन गरिने कार्यक्रमको ऐन, नियम, विनियम वा निर्देशिकाको सूची....................६

१२.केन्द्रको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण............................६

१३.केन्द्रको राजश्व सम्वन्धिविवरण.........................................................................७

१४.केन्द्रवाट अघिल्लो आर्थिक वर्षमा संचालन गरेको कार्यक्रमको विवरण......................................८

१५.केन्द्रको इमेल ठेगाना................................................................................९

१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण...........९


नि.वरिष्ठ बागवानी विकास अधिकृत

सुचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) र (४) र नियमावली २०६५ को नियम ३ बमोजिम प्रकाशनगरिएको बिवरण

१.निकायको स्वरुप र प्रकृतिः सुचना सार्वजनिक गर्ने निकायको नामः- तरकारी बीउ उत्पादन केन्द्र, रुकुम( पश्चिम) ।

सूचना सार्वजनिक गरेको अवधिः -मिति २०८०/०१/०१ देखि २०८०/०३/ मसान्त सम्म

१.१ परिचयः

- राष्ट्रिय स्तरमा तरकारी बालीको गुणस्तरीय बीउको बढदो मागलाई दृष्टिगत गरी २०३०/०३१ सालमा देशका विभिन्न क्षेत्रहरुमा बागवानी तथा तरकारी फार्महरुको स्थापना भएता पनि यस तरकारी बीउ उत्पादन केन्द्रको २०३५ सालमा स्थापना भएको हो । यो शुरुमा कृषि विभाग ,तात्कालिन तरकारी बिकास निर्देशनालयतथा हाल राष्ट्रिय आलु , तरकारी तथा मसला वाली विकास केन्द्रको मातहातमा रही तरकारी बीउको प्रजननतथा मूल बीउ उत्पादन , तरकारी बाली सम्वन्धि अध्ययन परिक्षण, जातिय सम्बर्द्धन तथा संरक्षण जस्ता कार्यहरु गर्दै आईरहेको छ । यस केन्द्रले १४ किसिमका विभिन्न तरकारी वालीका २० वटा जातहरुको बीउ उत्पादनको साथै मूला ( मिनोअर्ली ), प्याज (रेडक्रियोल) , काउली (काठमाण्डौ स्थानीय) र रायो (खुमल चौडापात)को देशकै मुख्य श्रोत केन्द्रको रुपमा रही बीउ उत्पादन कार्य गर्दै आईरहेको छ ।

१.२. केन्द्रको उद्देश्य :

१.२.१ अल्पकालिन उद्देश्य :

- बिभिन्न तरकारी बालीहरुको जातिय संरक्षण र सम्वर्द्धन गर्ने ।
- बिभिन्न तरकारी बालीहरुको प्रजनन् तथा मूल बीउ उत्पादन गरि बीउ उत्पादक कृषकहरुलाई उपलब्ध गराउने ।
- बिभिन्न तरकारीहरुमा समस्यामूलक परिक्षणहरु गर्ने ।
- तरकारी उत्पादक कृषकहरुलाई तरकारी बीउ उत्पादन सम्वन्धमा तालिम दिने ।
- तरकारी बीउ उत्पादक कृषकलाई प्राविधिक सेवाटेवा दिने ।
- कृषक स्तरमा उत्पादित तरकारी बीउको गुणस्तर नियन्त्रण तथा सुपरिबेक्षण गर्ने ।

१.२.२ केन्द्रका विशेष उद्धेश्यहरुः

- यस भेगका मानिसहरुमा नियमित रुपमा तरकारी खानेवानी बसाली उनीहरुको स्वास्थ्यमा कमिक सुधार ल्याउने ।
- ताजा तरकारी तथा तरकारी बीउ उत्पादनमा प्राविधिक सेवा पुर्याई आयश्रोतमा बृद्धि गराई जीवनस्तरमा सुधार ल्याउने ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बढदो तरकारी बीउको माँगलाई केही हद सम्म पूर्ति गर्ने तथा बीउँ निर्यातमा बीउँ उत्पादक तथा बीउँ ब्यवसायीलाई मध्यस्थकर्ताको रुपमा सेवा र सल्लाह दिने ।

२. निकायको काम, कर्तव्य रअधिकार :

- ➢ विभिन्न तरकारी बालीहरुको प्रजनन विउ उत्पादन गर्ने ।
- ➢ विभिन्न तरकारी बालीहरुको मूलबीउ उत्पादन गर्ने ।
- ➢ विभिन्न तरकारी बालीहरुको उन्नत बीउ उत्पादन गर्ने ।
- ➢ विउ उत्पादक कृषकहरुलाई तरकारी विउउत्पादन सम्बन्धि तालीम दिने।
- ➢ तरकारी विउउत्पादक कृषकहरुलाई प्राविधिक सेवाटेवा उपलब्ध गराउने।
- ➢ कृषकस्तरमा उत्पादन हुने तरकारी विउको गुणस्तर नियन्त्रण तथा सुपरिवेक्षण गर्ने ।



वि.वरिष्ठ बागवानी विकास अधिकृत

- विभिन्न तरकारी बालीहरुको जातिय संरक्षण र संबर्द्धन गर्ने ।
- विभिन्न तरकारी बालीमा समस्यामूलक परीक्षण गर्ने ।
- ताजा तरकारी तथा बिउ उत्पादन गराई सोको बेचबिखनबाट कृषकहरुको आयश्रोत बढाई जीवनस्तर उकास्ने ।
- बढ्दो तरकारी बिउको माँगलाई केही हदसम्म पूर्ती गर्ने तथा बिउ उत्पादक एवम व्यवसायीहरुलाई मध्यस्थकर्ताको रुपमा सेवा सल्लाह दिने ।
- यस भेगका मानिसहरुमा तरकारी खानेबानी बसाली उनीहरुको स्वास्थ्यमा क्रमिक रुपमा सुधार ल्याउने ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :

३.१. दरवन्दी तथा कर्मचारिको विवरण :

| क. सं. | पद | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | वरिष्ठ बागवानी विकास अधिकृत | १ | - | १ |
| २ | बागवानी विकास अधिकृत | १ | १ | – |
| ३ | बाली संरक्षण अधिकृत | १ | १ | रानीजमरा कुलरिया सिंचाई आयोजनामा काज |
| ४ | प्रा.स. | १ | १ | - |
| ५ | ना.प्रा.स. | २ | २ | - |
| ६ | सह- लेखापाल | १ | १ | - |
| ७ | खरिदार | १ | १ | – |
| ८ | ह.स.चालक | १ | – | १ जना करारमा कार्यरत_ |
| ९ | का.स. | ३ | ३ | २ जना (करारमा कार्यरत ) |

३.२कर्मचारीहरुको कार्य विवरण :

**वरिष्ठ बागवानी विकास अधिकृत** - कार्यालयको आर्थिक, प्रशासन तथा प्राविधिक कामकाज गर्ने गराउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**प्राविधिक फांट** - कार्यालयको तोकिएको लक्ष्य अनुसार कार्यक्रम संचालन तथा प्राविधिक सेवा पुर्याउने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**लेखा फांट** –आर्थिक सम्वन्धि कामकाज गर्ने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

**प्रशासन फांट** - जिन्सी तथा दैनिक प्रशासनिक कामकाज गर्ने र कार्यालयले तोकेका अन्य कार्य गर्ने।

४. निकायबाट प्रदान गरिने सेवा:

- विभिन्न तरकारी बालीहरुको मूलबीउ उत्पादन गरी कृषक समूह, कृषि सहकारी , बीउ उत्पादक कृषि उद्यमीहरुलाई नेपाल सरकारले तोकेको दररेटमा उपलव्ध गराउने ।
- विभिन्न तरकारी बालीहरुको उन्नत बीउ उत्पादन गरी कृषकहरुलाई नेपाल सरकारले तोकेको दररेटमा उपलव्ध गराउने ।

वरिष्ठ बागवानी विकास अधिकृत


- विभिन्न तरकारी बालीहरुको उन्नत बीउउत्पादन गरी ताजा तरकारी उत्पादन गर्ने कृषकहरुलाई विउबिक्री वितरण गर्ने ।
- तरकारी विउउत्पादक कृषकहरुलाई प्राविधिक सेवाटेवा उपलब्ध गराउने।
- कृषकस्तरमा उत्पादन हुने तरकारी विउको गुणस्तर नियन्त्रण तथा सुपरिवेक्षण गर्ने ।
- विभिन्न तरकारी बालीहरुको जातिय संरक्षण र संबर्द्धन गर्ने ।
- बढ्दो तरकारी विउको माँगलाई केही हदसम्म पूर्ति गर्ने तथा विउ उत्पादक एवम् विउ व्यवसायीहरुलाई मध्यस्थकर्ताको रुपमा सेवा सल्लाह दिने ।

**चालु आ.व. मा प्रदान गरिने मुख्य मुख्य सेवा/सहयोगको विवरण :**

- गोलभेंडाका वर्णशंकरजात (श्रृजना)को बीउ उत्पादन तथा बिक्री बितरण ।
- आलंकारिक फूलका वेर्ना उत्पादन तथा बिक्री वितरण ।
- तरकारीको मूल बीउ उत्पादन तथा बिक्री बितरण ।
- तरकारीको उन्नत बीउ उत्पादन तथा बिक्री बितरण ।
- तरकारीको बेर्ना उत्पादन तथा बिक्री वितरण ।
- जिल्लास्तर अगूवा कृषक तालिम/स्थलगत घुम्ती कृषक तालिम/वाली उपचार शिविर संचालन( कमाण्ड क्षेत्रका तरकारी बीउ उत्पादक कृषक) । ।
- प्याज बीउ उत्पादन गर्ने किसानको पहिचान ।
- प्याज बीउ उत्पादन गर्ने किसानहरुको फ्लोअप गर्ने ।
- प्राविधिक सेवा ।
- OJT/WEP/Enternपरिचालन ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

**केन्द्रको संगठन संरचना**



६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि :

यस केन्द्रवाट प्रदान गरिने सेवा नेपाल सरकारले तोकेको मूल्य/ मूल्य निर्धारण समितिको मूल्य र प्राविधिक सेवा निःशुल्क प्रदान गरिनेछ र सो को लागी सेवाको प्रकृति अनुसार तुरन्तै वा सिजन अनुसारको उत्पादन भएपछि ७ दिनसम्मको अवधि लाग्नेछ ।

नागरिक बडा पत्र ( Citizen Charter ) :

| क्र स. | विवरण | सम्बन्धित फाँट वा कर्मचारी | समय सिमा | शुल्क | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| १ | बार्षिक लक्ष्य अनुसारको तरकारीका मूल तथा उन्नत बीउ उत्पादन तथा बिक्री बितरण | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | सिजन अनुसारको उत्पादन र मागको परिमाण बिचार गरि उपलब्धता अनुसार माग भएको एक हप्ता भित्र | बीउ उत्पादनको हकमा सम्बन्धित तरकारी तथा अन्य संस्थाको सिफारिस सहित नेपाल सरकारले तोकेको शुल्क अनुसार | ब.वागवानी विकास अधिकृत |
| २ | बार्षिक लक्ष्य अनुसारको तरकारी बेर्ना उत्पादन तथा बिक्री बितरण | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | बिक्री योग्य भएपछि माग भएको दिनमा | सिजन अनुसारको उत्पादन र मागको परिमाण बिचार गरि उपलब्धता अनुसार तत्काल | ब.वागवानी विकास अधिकृत |
| ३ | तरकारी खेति तथा तरकारी बीउ उत्पादन सम्बन्धि प्राविधिक जानकारी | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | जानकारी माग भएको दिनमा | निःशुल्क | ब.वागवानी विकास अधिकृत |
| ४ | तरकारी जर्मप्लाज्म संकलन तथा व्यवस्थापन | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | सिजन अनुसार | कार्यक्रममा व्यवस्था भए अनुसार | ब.वागवानी विकास अधिकृत |
| ५ | स्वीकृत कार्यक्रम अनुसार तालिम तथा प्राबिधिक सेवा | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | माग तथा कार्यक्रममा स्वीकृत लक्ष्य अनुसार तीन चौमासिकमा | निःशुल्क | ब.वागवानी विकास अधिकृत |
| ६ | तरकारी हाईब्रिड बीउ उत्पादन तथा बिक्री बितरण | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | उपलब्धता अनुसार माग भएको एक हप्ता भित्र | नेपाल सरकारले तोकेको शुल्क अनुसार | ब.वागवानी विकास अधिकृत |
| ७ | बीउको उमारशक्ति,भौतिक शुद्धता र चिस्यान परिक्षण | प्राबिधिक फाँट अधिकृत/ प्रा.स./ ना.प्रा.स | बीउ परिक्षणमा राखेको ७ देखि १४ दिन भित्र । | बीउ उमारशक्ति परिक्षणको रु.२२९।००, भौतिक शुद्धता परिक्षणको रु.१७४।००र बीउको चिस्यान परिक्षणको रु.१५४।०० शुल्क लाग्ने। | ब.वागवानी विकास अधिकृत |
| ८ | कार्यालय सम्बन्धि सुचना प्रवाह | प्राबिधिक फाँट सूचना अधिकारी | मौखिक हकमा सोही दिन तथा लिखित हकमा नियममा व्यवस्था भए अनुसार | निःशुल्क तथा नियममा व्यवस्था भए अनुसार | ब.वागवानी विकास अधिकृत |



वरिष्ठ बागवानी विकास अधिकृत

७. निर्णय गर्ने प्रक्रिया र अधिकार :

- यस केन्द्रले नेपाल सरकारले मूल्य तोकेको निर्णय को परिपत्र, कृषि प्रसार निर्देशिका अनुसार र मूल्य नखुलेको हकमा यस केन्द्रको आन्तरिक बैठक तथा छलफलबाट कार्यक्रम कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईएको छ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

प्रचलित कानून बमोजिम तोकिएको बिषयमा सोही बमोजिम नै हुने छ भने अन्यको हकमा सेवाग्राहीले प्रत्यक्ष रुपमा निवेदन मार्फत वा केन्द्रमा व्यवस्था गरिएको उजुरी पेटिकामा आफ्नो गुनासो वा उजुरी दिन सक्नेछ । प्राप्त उजुरीहरुलाई नियमित रुपमा संकलन तथा बिश्लेषण गरी व्यवस्थापन गर्न उजुरी सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

९. हालसम्म सम्पादन गरेको मुख्य मुख्य कामको विवरण-:

- कम्प्यूटर खरिद –१ वटा ।
- स्प्रेयर खरिद –२ वटा
- इलेक्ट्रोनिक डिस्प्ले बोर्ड जडान –१ पटक ।
- फार्ममा CC camera जडान –१ पटक।
- सोलार प्यानल अन्तर्गत सोलार हिटर/ईन्भर्टर खरिद –१ पटक ।
- आवास भवन/तालिम हल मर्मत/रंग रोगन –१ पटक ।
- सिंचाईको लागी पानी पोखरी निर्माण –१ वटा ।
- कार्यालय compound बाहिर ब्लेड तार लगाउने –१०००मिटर ।
- कार्यालय परिसर भित्र काँडेतार लगाउने –७०० मिटर ।
- सिचाई कुलो मर्मत ८० मिटर ।
- कम्पोष्ट खाडल निर्माण १ वटा ।
- तरकारीको मूल वीउ उत्पादन तथा वितरण लक्ष्य – १०२९ केजी ( काउली काठमाडौं स्थानीय ५०, मुला मिनोअर्ली २००, रायो खुमल चौडापात २५, सलगम काठमाण्डौ रातो २, केराउ सिक्कीमे ३००, केराउ आर्केल २५०, प्याज रेडक्रियोल २००, काँक्रा भक्तपुर लोकल २ केजी )

- तरकारीको मूल वीउ उत्पादन – १७१४.०३ केजी काउली /काठमाडौं स्थानीय- ५७ के.जी, मुला /मिनोअर्ली - २७० के.जी, , रायो / खुमल चौडापात -१०२ के.जी, , सलगम काठमाण्डौ रातो - २८ के.जी, , केराउ सिक्कीम लोकल - ४०० के.जी, , केराउ आर्केल -३५० के.जी, , प्याज रेडक्रियोल २२६ के.जी, , काँक्रो भक्तपुर लोकल - १.०३० के.जी, सिमी चौमासे - २८० के.जी. ।

- बीउ बिक्री – १२४८. ६८ केजी (प्याज रेडक्रिवल ९८ के.जी.,रायो खुमल चौडापात ९६.५८ के.जी., मूला मिनोअर्ली ३२८.९५ के.जी. , काउली काठमाण्डौ लोकल २९.४ के.जी. ,सलगम काठमाण्डौ रातो १५.१२५, सलगम पर्पल टप २४.० के.जी. , केराउ सिक्किम लोकल ५८१.२५० के.जी. , केराउ आर्केल ७०.०५० के.जी. , काउली ज्यापू २.०५०के.जी., काक्रो भक्तपुर लोकल.३.२७८ के.जी।)

- तरकारी उन्नत वीउ उत्पादन तथा बितरण लक्ष्य – ( बोडी मालेपाटन १००, सीमी कन्टेण्डर ५०, भिण्डी पार्वती /अर्कअनामिका ५० ,सिमी चौमासे २००, धनिया स्थानीय २०, चम्सुर स्थानीय १५०, गोलभेडा मनप्रेकश ०.५ समेत जम्मा उत्पादन लक्ष्य ३७०.५ केजी –बिउ बिक्री ३४६.८ के.जी)

नि.वरिष्ठ बागवानी विकास अधिकृत

- तरकारीको उन्नत बीउ उत्पादन – ५१९.०४ के.जी (वोडी मालेपाटन १, - ८३ के.जी. , भिण्डी पार्वती - ५० के.जी. , धनिया स्थानीय - ५३ के.जी, , चम्सुर स्थानीय - १९० के.जी, , सिमी कन्टेण्डर - ५४ के.जी, , स्वीसचार्ड फोर्ड हुक जायन्ट - ८८ के.जी, , गोलभेडा मनप्रेकश - १.०४० के.जी,)

- बीउ बिक्री – ६०३.९८४ केजी (सिमी चौमासे १७५ के.जी. ,सिमी त्रिसूली ७ के.जी , सिमी कन्टेण्डर ६ के.जी. , केराउ सिंगापुरे २२.०के.जी. , स्वीसचार्ड फोर्टहुक जायन्ट ३६.१के.जी. , चम्सुर स्थानीय २१३.५ के.जी. , धनिया स्थानीय ३१.७ के.जी. ।भिन्डी पार्वती ४०.०४५ के.जी ,बोडी मालेपाटन ७२.३३४ के.जी ,टमाटर / मनप्रेकस ०.३०५ के.जी ।

- तरकारी वेर्ना लक्ष्य -१६४००० गोटा / बेर्ना बिक्री – २११८६२ (काउली/ब्रोकाउली/बन्दा १८३३७ रायो ३०००.०, प्याज १८६०७२, टमाटर ४३२८ काक्रो /फर्सि/ लौका/ घिरौला १२५) ।
- आलंकारिक फूलका वेर्ना उत्पादन तथा बिक्री वितरण – ७९७५ गोटा ।
- वार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरण –१ पटक ।
- बाली चक्रको लागी धाँन तथा भटमाँस लक्ष्य ९०० के. जी. /उत्पादन / ९५२ के. जी./ बिक्री ९५२ के .जी ।
- गोलभेडाको बर्णशंकर जात सिर्जना लक्ष्य १ के .जी / बीउ उत्पादन ३.०२० के. जी. ।
- गोलभेडा बिउ बिक्री / बीउ बिक्री ३ .०९ के .जी ।
- प्याज गानो उत्पादन तथा भन्डारण लक्ष्य १.५ मे .टन . / गानो उत्पादन १.६ मे .टन
- घुम्ति अगुवा कृषक तालिम लक्ष्य १ पटक प्रगति १ पटक ( ५३ जना सहभागी ) ।
- बाली उपचार शिबिर संचालन लक्ष्य १ पटक प्रगति १ पटक ( ४८ जना सहभागी ) ।
- बीउ प्रमाणिकरणको लागी अनुगमण मुल्याङकन ३ पटक ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद :

| क.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १. | रावेन्द्र प्रताप यादव | नि.वरिष्ठ बागवानी विकास / कार्यालय प्रमुख | ९८५७८२४७२ |
| २. | टिकाराम ओली | ना.प्रा.स./ सुचना अधिकारी | ९८५७८७२५०० |

११. ऐन, नियम , विनियम वा निर्देशिकाको सूची:

- कृषि प्रसार निर्देशिका ।
- कृषि इन्टर्न कार्यविधि २०७३
- प्रचलित ऐन कानूनहरु ।

१२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अध्यावधिक विवरण(प्रथम त्रैमासिक):

| क.सं. | बार्षिक विनियोजित वजेट रु. | चौथो त्रैमासिक विनियोजित वजेट रु. | हाल सम्म खर्च वजेट (रु.) |
|---|---|---|---|
| १. | २,०२,४५०००।०० | ३३,३८,०००।०० | १,५५,१३,०००।०० |

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धि अध्यावधिक विवरण :
राजश्व आम्दानी रु.: १४,९३,८७३।००

नि.वरिष्ठ बागवानी विकास अधिकृत

१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :

आ.ब. २०७८/०७९ को विवरण :

वार्षिक विनियोजित वजेट : २०४०८.०० (रु. हजारमा) ।

वार्षिक खर्च वजेट : १७७५६६.०५ (रु. हजारमा) ।

वार्षिक भारित प्रगति : ९६.४८ प्रतिशत ।

वार्षिक वित्तीय प्रगति : ८७.०१ प्रतिशत ।

- मुख्य मुख्य संचालित कार्यक्रमहरु :
- अधिकृत स्तर आवास भवन निर्माण–१ वटा ।
- आवास भवन / तालिम /मर्मत/रंगरोगन– १ पटक ।
- छाना सहितको गोवर मल/कम्पोष्ट मल खाडल निर्माण– २ वटा ।
- मिनीटिलर खरिद– २ वटा ।
- मोटरसाईकल खरिद– १ वटा ।
- पावर स्प्रेयर– १ वटा ।
- ल्यापटप खरिद– १ वटा ।
- सिमेण्ट पोखरी निर्माण– १ वटा ।
- सेड हाउस निर्माण– १ वटा ।
- कार्यालय परिसरमा काडे तार लगाउने–१०० मिटर ।
- शौचालय तथा वाथरुम निर्माण (अधिकृत आवास)– १ पटक ।
- कार्यालयको गेट निर्माण– १ वटा ।
- रिवाल्भीङ्ग कुर्सी– ३ वटा ।
- स्थलगत घुम्ती कृषक तालिम– १ पटक ।
- जिल्लास्तर अगुवा कृषक तालिम (कमाण्ड क्षेत्रका तरकारी बीउ उत्पादक कृषक )– १ पटक ।
- तरकारीको मूल वीउ उत्पादन तथा वितरण लक्ष्य – १०१० केजी (काउली खुमल ज्यापु २.५, काउली काठमाडौं स्थानीय २१, मुला मिनोअर्ली १५४, रायो खुमल चौडापात ३८, सलगम काठमाण्डौं रातो ३४, केराउ सिक्कीमे ४४५, केराउ आर्केल १८९, प्याज रेडक्रियोल ८३, काँक्रा भक्तपुर लोकल –५ के.जी( जम्मा उत्पादन ९७१.५ केजी )
- तरकारीको मूल वीउ बिक्री उत्पादन तथा वितरण ( काउली खुमल ज्यापु १५, काउली काठमाडौं स्थानीय २०, मुला मिनोअर्ली ३०४, रायो खुमल चौडापात २५, सलगम पर्पलटप ह्वाइट ग्लोव २, केराउ सिक्कीमे २००, केराउ आर्केल १४०, प्याज रेडक्रियोल ३००, काँक्रा भक्तपुर लोकल २के.जी.समेत १०१०केजी) (कच्चा पदार्थ वीउ विजन तथा अन्य सामाग्री खरिद खर्च समेत)– ९९१.५ के.जी.
- केन्द्रको कमाण्ड क्षेत्रमा विभिन्न वालीहरुमा खाद्यतत्व प्रर्दशन संचालन– १० वटा ।
- बीउ उत्पादन क्षेत्रमा सूक्ष्म खाद्यतत्व वितरण–२ पटक ।
- वाली चक्रको लागि धान तथा भटमास खेती १०००, भटमास १५० के.जी. (कच्चा पदार्थ वीउ विजन तथा अन्य सामाग्री समेत) (ज्याला तथा अन्य खर्च)– ११५० के.जी. ।
- तरकारी उन्नत वीउ उत्पादन – ६६०.८ के.जी. (बोडी मालेपाटन ८, चौमासे सिमी २७०, त्रिशुली २५, सीमी कन्टेण्डर ६०.५, भिण्डी पार्वती १५, स्वीसचार्ड फोर्डहुक जायन्ट ४०, धनिया स्थानीय १९, चम्सुर स्थानीय २२२, गोलभेडा मनप्रेकश १.३ के.जी. जम्मा उत्पादन समेत ६६०.८ केजी।)
-

नि.वरिष्ठ बागवानी विकास अधिकृत

- तरकारी उन्नत वीउ बिक्री – ४९८.५ केजी ( बोडी मालेपाटन ५०, घिउ सिमी चौमासे २५०, त्रिशुली २५, सीमी कन्टेण्डर ५० ,भिण्डी पार्वती १५, स्वीसचार्ड फोर्डहुक जायन्ट ३०, धनिया स्थानीय १८, चम्सुर स्थानीय ६०, गोलभेडा मनप्रेकश ०.५ समेत ।
- अदुवा वाली जातिय प्रर्दशन– १ वटा ।
- परागसेचनका लागि मौरी गोला सहित घार खरिद– ३ वटा ।
- तरकारी बीउ उत्पादन प्रविधि पुस्तिका प्रकाशन– २०० वटा ।
- वार्षिक प्रगति पुस्तिका प्रकाशन तथा वितरण– २०० वटा ।
- गोलभेडाको वर्णशंकर जात श्रृजनाको बीउ उत्पादन(बीउ बिजन कच्चा पदार्थ तथा सामाग्री खरिद समेत) (कच्चा पदार्थ तथा अन्य मालसामान खरिद खर्च )– १के.जी. ।
- आलंकारिक फूलका वेर्ना उत्पादन तथा वितरण (वीउ बिजन तथा अन्य सामाग्री समेत)– ७७१९ वटा बिक्री।
- गानो प्याज उत्पादन तथा भण्डारण (कच्चा पदार्थ, वीउ बिजन, अन्य सामाग्री समेत) (कच्चा पदार्थ तथा अन्य मालसामान खरिद खर्च)– १५५० के.जी. उत्पादन।
- तरकारी वेर्ना उत्पादन तथा वितरण (काउली/ब्रोकाउली/बन्दा ६०, रायो १५, प्याज २७५, टमाटर १०हजार समेत ३६०हजार) (कच्चा पदार्थ, वीउ बिजन तथा अन्य सामग्री खरिद खर्च समेत) (ज्याला तथा अन्य खर्च)
- तथा वितरण– ३६११०० गोटा (काउली/ब्रोकाउली/बन्दा १४४५, रायो ३५०, प्याज ३३९५२०, टमाटर/खुर्शानी/भेडे खुर्शानी /लौका/घिरौला/काक्रो आदि ६७८५)
- अलैची बिरुवा उत्पादन नर्सरी व्यवस्थापनका लागि ज्यामी तथा सामाग्री खर्च (ज्याला तथा अन्य खर्च)– २१०० वटा ।
- तरकारी मूल बिक्री– १११०.१७ के.जी. (काउली खुमल ज्यापु ३.६, काउली काठमाडौं स्थानीय ३८.६, मुला मिनोअर्ली ११४.०४५, रायो खुमल चौडापात २१.१५, सलगम हवाईट पर्पल टप २५.२, केराउ सिक्कीमे ७३२.३, केराउ आर्केल ११३.६, प्याज रेडक्रियोल ५९.८, काँक्रा भक्तपुर लोकल १.७६५ के.जी.)
- तरकारीको उन्नत वीउ उत्पादन तथा वितरण– ६११.७७ के.जी. (बोडी मालेपाटन ७.२२, चौमासे सिमी १००.२२, त्रिशुली १७.१६, सीमी कन्टेण्डर २.०,भिण्डी पार्वती १५, स्वीसचार्ड फोर्डहुक जायन्ट २०३.५, धनिया स्थानीय ९.५, चम्सुर स्थानीय २०५, गोलभेडा मनप्रेकश १.१३७के.जी.) .।

- **१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**
- ई-मेल : **rukumfarm@gmail.com**
- **website : www.vspcrukum.gov.np**

**१६. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

- लिखित सूचना माग नभएको ।

सूचना अधिकारी
दस्तखत :
नाम थर : टिकाराम ओली
पद : ना.प्रा.स.
मिति: २०८०/०४/०४

कार्यालय प्रमुख
दस्तखत :
नाम थर : रावेन्द्र प्रताप यादव
पद : नि. वरिष्ठ बागवानी विकास अधिकृत
मिति: २०८०/०४/०४